निर्णय नं. १ :-

मातृ मृत्युको प्रमुख कारण रहेको Postpartum Hemorrhage (PPH) को लागि प्रयोग हुने Oxytocin injection 10 IU विश्व स्वास्थ्य संगठनले Recommend गरेको First line औषधी हो । Literature तथा WHO को recommendation तथा औषधी व्यवस्था विभागवाट प्राप्त राय अनुसार oxytocin injection को भण्डारण (2°-8°) सम्म भएकोले हरेक स्वास्थ्य संस्थाले Oxytocin injection लाई अनिवार्य 2°-8°C तापक्रममा भण्डारण गर्ने/गराउने व्यवस्था मिलाउन सम्वन्धित सबैलाई निर्देशन दिने निर्णय गरियो ।

निर्यण नं. २ :-

Oxytocin injection को भण्डारण (2°-8°) मा राख्ने व्यवस्था भएको स्वास्थ्य संस्था तथा औषधी पसलमा मात्र Oxytocin injection राख्ने र सोको अनुगमन सम्वन्धित निकायले गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :-

सरकारी स्वास्थ्य संस्थामा Oxytocin injection लाई Extended Programme for Immunization (EPI) को Cold Chain व्यवस्थामा सम्वन्धित महाशाखाहरू बीच समन्वय गरी राख्ने व्यवस्था मिलाउने । Birthing Center को हकमा सम्वन्धित महाशाखाले स्थानिय निकायसंग समन्वय गरी oxytocin injection लाई (2°-8°) C मा संचय गर्ने व्यवस्था मिलाउन जानकारी दिने ।

निर्णय नं. ४ :-

Oxytocin injection 10 IU हरेक गर्भवती महिलामा Postpartum Hemorrhage (PPH) को Prevention को लागि विश्व स्वास्थ्य संगठनले recommend गरेको dose हो । Oxytocin injection 10 IU Vial प्रयोग गर्दा dose accuracy हुने साथै inventory management मा पनि सहजिकरण हुने भएकोले, आवश्यकता अनुसार oxytocin injection 10 IU र 5 IU खरिद गर्ने जानकारी दिने निर्णय गरयो ।

निर्णय नं. ५ :-

Oxytocin injection 10 IU, मातृ मृत्युदर घटाउन जिवन रक्षक (Lifesaving) औषधी रहेको र oxytocin injection खरिद गुणस्तरको सुनिश्चतता (Quality Assurance) हुने श्रोतवाट मात्र खरिद गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६ :-

गर्भवती अवस्थामा हुने Iron deficiency Anaemia (IDA) मा प्रयोग हुने Iron Tablet मा ferrous sulphate को भन्दा Literature अध्ययन अनुसार ferrous fumarate को low gastrointestinal intolerance and better patient compliance देखिएकोले NDHS 2016 ले देखाएको बढ्दो Anaemia लाई कम गर्न Ferrous fumarate eqv. to 60 mg elemental and folic acid 400 mcg tablet, protocol तथा खरिद हुने specification मा राख्न निर्णय गरियो ।

निर्णय नं. ७ :-

गर्भवती अवस्थामा प्रयोग गर्न उपयुक्त हुने Antihypertensive medicine (जस्तै labetalol, hydralazine, methyldopa, nifedipine ) मध्ये Safe motherhood protocol मा राखिएका औषधीहरू नि:शूल्क औषधीको सूचीमा राख्न प्रस्ताव गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ :-

Pre-eclampsia तथा eclampsia मा प्रयोग हुने Magnesium sulphate injection को toxicity भएमा प्रयोग हुने calcium gluconate injection अनिवार्य magnesium sulphate injection प्रयोग हुने स्वास्थ्य संस्थामा राख्न निर्देशन दिन निर्णय गरियो ।